राप्ती नगरपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ संख्या ९ मिति २०७४/१२/१०

**भाग- १**

## राप्ती नगरपालिका

### राप्ती नगरपालिकाको जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

सभाबाट स्वीकृत मितिः २०७४।१०।१२

**प्रमाणीकरण मिति** : २०७४/१०।२६

**स्थानीय राजपत्रमा प्रकाशित मिति** : २०७४/१२/१०

**२०७४ सालको ऐन नं. ५**

**प्रस्तावना** : राप्ती नगरपालिकाको क्षेत्र भित्र, बोट विरुवा, वालीनाली, वीउ, खाद्यान्न, कृषिजन्य पदार्थ, पशुपंक्षी, काठ'वन तथा वन पैदावर, भण्डारण, जनस्वास्थ्य, वातावरण र निर्माण आदिमा हानी पु-याउने रोग, कीरा, सुलसुले, निमाटोड, झारपात लगायतका बस्तुबाट नियन्त्रण गर्न तथा लाभदायक जीवहरुको प्रवर्द्धन गर्नमा प्रयोग गरिने जीवनाशक विषादीको प्रयोग, आयात, निर्यात, उत्पादन, संश्लेषण, भण्डारण, विक्री वितरण, ओसार पसार,प्रयोग र विसर्जन सम्वन्धी कार्यलाई व्यवस्थापन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राप्ती नगरपालिकाको दोश्रो नगरसभाले

राप्तीनगरपालिका

यो ऐन बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राप्ती नगरपालिकाको जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "केन्द्र" भन्नाले तोकिए बमोजिम स्थापित विषादी पञ्जिकरण तथा व्यबस्थापन केन्द्र सम्झनु पर्छ ।

(ख) "जीवनाशक विषादी" भन्नाले वोट विरुवा, कृषिजन्य पदार्थ र अन्य भण्डारण, प्याकेजिङ्ग, वन तथा वन पैदावार,फाइदाजनक जीव, पशुपंक्षी, जनस्वास्थ्य र निर्माण कार्यमा हानी पु-याउने रोग, कीरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले देहायका पदार्थ समेतलाई जनाउँछ ।

(१) हानिकारक जीवहरुको शिकार गरेर, परजीवी बनेर, रोग लगाएर सो को बृद्धि कम गराउने तथा त्यस्ता जीवहरुलाई आकर्षण वा विकर्षण गर्ने पदार्थ (फेरोमोन्स, एट्र्याक्टयान्ट, रिपेलेन्ट्),

(२) हानिकारक जीवहरुको नियमित बृद्धि र प्रजनन् कार्यमा असर पार्ने पदार्थ (इन्सेक्ट ग्रोथ रेगुलेटर),

(३) वनस्पतिको बृद्धि नियन्त्रण गर्ने पदार्थ (प्लान्ट ग्रोथ रेगुलेटर),

(४) पात पतिङगर झार्ने पदार्थ (डिफोलियन्ट),

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने पदार्थ (डेसिकेन्ट),

(६) फलफूलको संख्या पत्ल्याउने पदार्थ (थिनिङ एजेन्ट)

(७) समय नपुग्दै फलफूल झर्ने लगायतका समस्याको नियन्त्रण तथा निसंक्रमण गर्न प्रयोग गरिने पदार्थ (डिसइन्फेकटेन्ट) ।

(ग) "प्रमुख" भन्नाले राप्ती नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले राप्ती नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले राप्ती नगरपालिका सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले राप्ती नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिमको जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "निरीक्षक" भन्नाले दफा २१ बमोजिम नियुक्त गरिएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "प्रतिवन्धित जीवनाशक विषादी" भन्नाले स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने विषादीको उत्पादन, संश्लेषण, आयात, निर्यात, पञ्जिकरण, बिक्री, वितरण वा प्रयोगमा प्रतिबन्ध लगाइएको विषादी सम्झनु पर्छ।

(ट ) "मन्त्रालय" भन्नाले कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "मिसावट गरिएको विषादी" भन्नाले विषादीमा हुनु पर्ने कुनै तत्व बढी वा घटी, प्रभावकारीता घटाउन थपिएको बस्तु वा विषादीको सूचकपत्रमा उल्लेख गरिए बमोजिम गुण, मात्रा वा विशेषता नभएको भन्ने सम्झनु पर्छ।

(ड) "शाखा" भन्नाले राप्ती नगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखा सम्झनु पर्छ।

(ढ) "बोट विरुवा" भन्नाले जीवित वा बंश प्रसारणमा प्रयोग हुने वनस्पतिको डाँठ, हाँगा, गाँठ, कलमी, वोक्रा, जरा, पात, फल, फूल, बीउ र जर्मप्लाज्म समेतलाई जनाउँछ।

(ण) "विरुवा जन्य पदार्थ" भन्नाले वनस्पतिको डाँठ, हाँगा, गाँठ,कलमी, वोक्रा, जरा, पात, फल, फूल, बीउबाट बनेका पदार्थ संझनु पर्छ र सो शव्दले मृत वनस्पति वा त्यसको कुनै भाग समेतलाई जनाउँछ।

(त) "सक्रिय तत्व" भन्नाले विषादी संश्लेषण र उत्पादन गर्दा त्यसमा जैबिक वा रासायनिक रुपमा सक्रिय रहेको तत्व (विषांश) सम्झनु पर्छ।

(थ) "सूचिकृत बिषादी" भन्नाले नेपाल सरकारले पञ्जिकृत गरी राजपत्रमा सूचना प्रकाशित गरेर तोकेको विषादी सम्झनु पर्छ ।

(द) "घरेलु विषादी" भन्नाले कृषकस्तरमा आफ्नो प्रयोजन एवम् व्यापारिक प्रयोजनको लागि प्राकृतिक स्रोत (वनस्पति, गाईको पिसाव र दुध लगायतका) वाट तयार गरिएको विषादीलाई सम्झनु पर्दछ।

(ध) "स्वास्थ्य प्रमुख" भन्नाले नगरपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने शाखा प्रमुख सम्झनु पर्छ।

(न) "पशुसेवा प्रमुख" भन्नाले नगरपालिकाको पशुसेवा क्षेत्र हेर्ने शाखा प्रमुख सम्झनु पर्छ।

(प) "प्रहरी प्रमुख" भन्नाले नगरपालिका भित्र पर्ने प्रहरी कार्यालयको प्रमुख सम्झनु पर्छ।

(फ) "अदालत" भन्नाले चितवन जिल्ला अदालत सम्झनु पर्छ।

## परिच्छेद-२

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**जीवनाशक विषादी व्यवस्थापन समिति** : (१) राप्ती नगरपालिका भित्र जीवनाशक विषादी व्यवस्थापनका सम्बन्धमा आवश्यक पर्ने नीति निर्धारण गर्ने लगायतका कार्यमा स्थानिय सरकारलाई राय, सुझाव तथा परामर्श उपलब्ध गराउन जीवनाशक विषादी व्यवस्थापन समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख | अध्यक्ष |
| (ख) | कृषि क्षेत्र हेर्ने नगर कार्यपालिकाको सदस्य | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | पशुसेवा प्रमुख | सदस्य |

(ङ) स्वास्थ्य प्रमुख सदस्य

(च) जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि सदस्य

(छ) नगरपालिका स्तरिय खाद्य सुरक्षा समिति सदस्य सदस्य

(ज) प्रहरी प्रमुख सदस्य

(झ) बिषादी व्यवसायी संघको प्रतिनिधि सदस्य

(ञ) कार्यपालिकाद्वारा मनोनित विषादी विशेषज्ञ, र उपभोक्ता सदस्य
कृषकहरुमध्येबाट दुई जना महिला सहित पाँच जना

(ट). आई.पि.एम.कृषक संघ को प्रतिनिधि सदस्य

(ठ) कृषि प्रमुख, सदस्य सचिव

(३) खण्ड (ज) र (झ) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । तर अध्यक्ष समक्ष राजिनामा दिएमा सम्वन्धित सदस्य पदमुक्त हुनेछ ।

(४) उपदफा (२) को बमोजिम खण्ड (ज र (झ) बमोजिम कुनै सदस्यले समितिको हित विपरित कुनै कार्य गरेमा कार्यपालिकाले निजलाई हटाउन सक्नेछ । तर निजलाई निजलाई सो पदबाट हटाउन अघि आफ्नो सफाई पेश गर्ने मनासिव माफिको मौका दिइनेछ ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहने छ ।

**<u>समितिको बैठक र निर्णय</u> :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा प्रमुख प्रशासकिय अधिकृतले अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**<u>समितिको काम, कर्तव्य र अधिकार</u> :** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जीवनाशक विषादी सम्बन्धी नीति तर्जुमा गरी स्थानिय सरकार समक्ष पेश गर्ने,

(ख) जैविक, वानस्पतिक तथा सुरक्षित रासायनिक विषादी उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ग) जीवनाशक विषादीको गुणस्तर निर्धारण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,

(घ) नगरपालिकाको तर्फबाट जीवनाशक विषादीसँग सम्बन्धित सन्धि, सम्झौता अनुमोदन एवं कार्यान्वयनको लागि स्थानिय सरकारलाई आवश्यक सुझाव दिने,

(ङ) स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने जीवनाशक विषादीलाई नगरपालिका भित्र बिक्री बितरणमा प्रतिबन्ध लगाउने,

(च) कुनै पनि पदार्थ वा बस्तु विषादी भए वा नभएको सम्बन्धमा पहिचान गर्न लगाउने ।

(छ) कुनै बस्तुमा जीवनाशक विषादीको अवशेषको स्वीकार्य मात्रा तोक्ने,

(ज) समितिले आफ्नो केहि अधिकार शाखालाई प्रत्यायोजन गर्न सक्ने ।

(झ) जीवनाशक विषादी व्यवस्थापन सम्बन्धी मापदण्डहरु स्वीकृत गरि लागु गर्ने ।

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**परिच्छेद-३**

**जीवनाशक विषादी पञ्जिकरण**

६. **जीवनाशक विषादी पञ्जिकरण गराउनु पर्ने :** (१) कुनै पनि व्यक्ति, संस्था वा निकायले कुनै पनि जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्व समेतको आयात, निर्यात, उत्पादन, संश्लेषण, व्यावसायिक प्रयोग वा किनबेच गर्नु पर्दा सो को लागि केन्द्रमा जीवनाशक विषादी पञ्जिकरण गराउनु पर्नेछ ।

(२) दफा ३ को उपदफा १ बमोजिम बिषादी पञ्जिकरण गराउन आबस्यक मापदण्ड र मान्यता अबधि केन्द्रले तोके बमोजिम हुने छ ।

७. **पञ्जिकरण नगरिएका जीवनाशक विषादीको प्रयोग गर्न नहुने :** (१) कसैले पनि यस ऐन बमोजिम पञ्जिकरण गरिएका बाहेक अन्य जीवनाशक विषादीको प्रयोग, आयात, निर्यात, उत्पादन, संश्लेषण, भण्डारण वा किनबेच लगायतका कार्य गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैज्ञानिक प्रयोग वा अनुसन्धानको प्रयोजनको लागि समितिको पूर्व स्वीकृति लिइ कुनै पनि जीवनाशक विषादी उपयोग गर्न बाधा पर्ने छैन ।

८. **पञ्जिकरणका लागि सिफारिस गर्न सक्ने :** बिषादी पञ्जिकरणको लागि सिफारिस गरि पाउँ भनि शाखामा रित पूर्बक निबेदन दर्ता भएमा, समितिले संघीय जीबनाशक बिषादी ऐनमा उल्लेखित मापदण्ड बमोजिम भएको पाएमा पञ्जिकरणको लागि केन्द्रमा सिफारिस गर्न सक्ने छ ।

९. **पञ्जिकरण खारेज वा निलम्बन गर्न सिफारिस गर्न सक्ने** : (१) देहायका अवस्थामा समितिले जीवनाशक विषादीको पञ्जिकरण खारेज वा निलम्बन गर्न सिफारिस गर्न सक्ने छ ।

(क) संघीय जीबनाशक बिषादी ब्यबस्थापन ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका तथा मापदण्ड विपरितको काम गरेको पाइएमा,

(ख) पञ्जिकरण गरिएको जीवनाशक विषादीले मानिस, जीवजन्तु, वा विरुवाको स्वास्थ्य वा वातावरणमा

राप्ती नगरपालिका

प्रतिकूल प्रभाव पारेको कारणले पञ्जिकरण कायम राख्न उचित नदेखिएमा,

(ग) जुन प्रयोजनको लागि विषादी आयात तथा संश्लेषण गरिएको हो,सोको प्रयोग प्रभावकारी नभएमा वा गलत प्रयोग गरेमा,

(घ) पञ्जिकरण गर्दा तोकिएका शर्तहरुको उल्लङ्घन गरेको पाइएमा,

**परिच्छेद-४**

**इजाजतपत्र सम्बन्धी व्यवस्था**

**१०. इजाजतपत्र लिनुपर्ने :** (१) पञ्जिकरण वा पुनः पञ्जिकरण गरिएका जीवनाशक विषादीको आयात, उत्पादन, संश्लेषण, प्याकिङ्ग, पुनःप्याकिङ्ग गर्न तथा थोक र खुद्रा विक्री गर्न चाहने वा जीवनाशक विषादी छर्कने व्यवसाय गर्न चाहने कुनै व्यक्ति वा निकायले सो कार्य गर्नको लागि केन्द्रले तोके बमोजिमको निकायबाट इजाजतपत्र लिनु पर्नेछ ।

**११. नविकरण गर्नु पर्ने :** (१) यस ऐन बमोजिम प्राप्त गरेको इजाजतपत्रको मान्यता अवधि समाप्त हुनु भन्दा पैतीस दिन अगावै तोकिएको दस्तुर सहित सम्बन्धित इजाजतपत्रवालाले नविकरणको लागि शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र निवेदन दिन नसक्ने सम्बन्धित इजाजतपत्रवालाले इजाजतपत्रको मान्यता अवधि समाप्त भएको मितिले तीस दिनभित्र दोब्बर दस्तुर सहित इजाजतपत्र नविकरणको लागि शाखा समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदन प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले अर्को दुई वर्षको अवधिकोलागि इजाजतपत्र नविकरण गरी दिन सकिनेछ ।

(४) इजाजतपत्र नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. इजाजतपत्र खारेज गर्न सकिने :** (१) कुनै इजाजतपत्रवालाले इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरुको उल्लङ्घन गरेमा त्यस्तो इजाजतपत्र शाखाको सिफारिसमा समितिले तोकिएको निकायमा खारेजीका लागि सिफारिस गर्न सक्नेछ, ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि समितिले सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको समय दिइ इजाजपत्र खारेज गर्नु नपर्ने कुनै मनासिव कारण भए पेश गर्नकालागी मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजपत्र खारेज हुन नपर्ने कुनै कारण पेश भएमा वा सो समय भित्र कुनै जानकारी पेश नभएमा सो सम्बन्धमा समितिले पन्ध्र दिन भित्रमा आवश्यक निर्णय गरी सोको तत्काल सम्बन्धित इजाजतपत्रवालालाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (२) इजाजतपत्र खारेजीको प्रारम्भ भई उप दफा (३) बमोजिम निर्णय नभएसम्मको अवधिमा उक्त इजाजतपत्र स्वतः निलम्वित भएको मानिनेछ ।

(५) इजाजतपत्र खारेज गर्ने सम्बन्धी अन्य व्यवस्था केन्द्रबाट तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद -५**

**व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था**

**१३.** (१) समितिले जीवनाशक विषादीको नियन्त्रण, नियमन, एवं व्यवस्थापन लगायतका कार्य गर्न नगरपालिकाको कृषि शाखा लाई जिम्मेवारी प्रदान गर्न सक्ने छ ।

**१४. शाखाको काम, कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको सचिवालयको रुपमा रही आवश्यक कार्य गर्ने,

(ख) जीवनाशक विषादी पञ्जिकरण तथा पुनः पञ्जिकरणको व्यवस्था मिलाउने,

(ग) जीवनाशक विषादी पञ्जिकरण गर्दा अपनाउनु पर्ने प्रकृया तथा कार्यविधि निर्धारण गर्ने,

(घ) जीवनाशक विषादी पञ्जिकरण वा पुनः पञ्जिकरण गर्नको लागि प्राप्त हुन आएका निवेदनहरू उपर छानविन गर्ने,

(ङ) जीवनाशक विषादीको प्रयोगको लागि तोकिए बमोजिमका पूर्वाधार तयार गर्ने,

(च) जीवनाशक विषादीको अवशेषको स्वीकार्य मात्रा निर्धारण सम्बन्धी आवश्यक कार्य गर्ने,

(छ) विषादी प्रयोग गर्दा आवश्यक पर्ने उपकरणहरुको मापदण्ड तोक्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**परिच्छेद-६**

**जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन**

**१५. जीवनाशक विषादीको प्रयोगः** (१) नगरपालिकाको क्षेत्रभित्र आयात गरिएको जीवनाशक बिषादी प्रयोग गर्दा तोकिएको शर्तको अधिनमा रही प्रयोग गर्नु गराउनु पर्नेछ ।

(२) जीवनाशक विषादी आयात वा संश्लेषण गर्नु अघि उक्त बिषादीको कन्टेनर र नेपालीमा लेखिएको सूचकपत्र र पर्चाको ढाँचा समेत केन्द्रबाट स्वीकृत गराएर मात्र प्रयोग गर्नु गराउनु पर्नेछ ।

(३) जीवनाशक बिषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो बिषादीको अवशेष तोकिएको हदभन्दा बढि मात्रामा प्रयेग गरिएको भएमा त्यस्तो उत्पादन विक्री वितरण गर्नु हुंदैन ।

(४) मिसावट गरिएको विषादी भएको कुरा विश्वास गर्ने आधार भएमा त्यस्तो विषादी विक्री, वितरण, भण्डारण वा प्रयोग गर्नु गराउनु हुदैंन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनकोलागि "मिसावट गरिएको विषादी" भन्नाले विषादीमा हुनु पर्ने कुनै तत्व बढी वा घटी भएको, जीवनाशक विषादीको प्रभावकारिता घटाउन थपिएको बस्तु वा जीवनाशक विषादीको सूचकपत्रमा उल्लेख गरिए बमोजिम गुण, मात्रा वा विशेषता नभएको विषादी सम्झनु पर्छ ।

(५) जीवनाशक विषादीको बिक्री बितरण गर्ने व्यक्ति वा संस्थाले सुरक्षित जीवनाशक विषादी तथा सो विषादी प्रयोग गर्दा लगाइने सुरक्षित पहिरन समेत अनिवार्य रुपमा बिक्रीका लागि राख्नु पर्नेछ ।

(६) जीवनाशक विषादी आयात, निर्यात, उत्पादन, प्याकिङ्ग, पुनः प्याकिङ्ग, भण्डारण, विक्री वितरण, ओसार पसार र

प्रयोग गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ ।

(७) जुन उद्देश्यको लागि जीवनाशक विषादी पञ्जिकरण गरिएको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(८) जीवनाशक विषादीको आयात, निर्यात, उत्पादन, संश्लेषण तथा विक्री वितरण, प्रयोग तथा व्यवस्थापन गर्दा सावधानी अपनाउनु पर्नेछ ।

(९) जीवनाशक विषादीको उत्पादन तथा संश्लेषण गर्दा वातावरण मैत्री हुने गरी गर्नु पर्नेछ ।

(१०) जीवनाशक विषादीको प्रयोग, उत्पादन र संश्लेषण तथा अपनाउनु पर्ने सावधानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **घरेलु विषादीको प्रयोग:** (१) घरेलु विषादीको प्रयोग यस ऐन बमोजिम पञ्जिकरण नगराई पनि गर्न सकिनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनकोलागी "घरेलु विषादी" भन्नाले रासायनिक पदार्थको प्रयोग नगरी कृषकले आफ्नो प्रयोजन एवम् व्यापारिक प्रयोजनको लागि वनस्पति, गाईको पिसाव, दुध लगायतका पदार्थबाट तयार गरिएको विषादी सम्भन्नु पर्दछ ।

(२) घरेलु विषादीको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७.**वानस्पतिक र जैविक विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन**

(१)वाली, विरुवा, घर र भण्डारणमा लाग्ने विभिन्न रोग वा कीराको व्यवस्थापन गर्नमा प्रयोग हुने वानस्पतिक र जैविक विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **विषादी उत्पादन तथा संश्लेषण सम्बन्धी व्यवस्था** (१) विषादीको उत्पादन तथा संश्लेषण गर्दा वातावरणमैत्री हुने गरी गर्नु पर्नेछ ।

(२) विषादीको उत्पादन तथा संश्लेषण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **जीवनाशक विषादी प्रयोगमा प्रतिबन्ध :** (१) समितिले केन्द्रले प्रतिबन्धित गरेका, स्वाथ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पार्ने जीवनाशक विषादीको आयात, निर्यात, उत्पादन, संश्लेषण, प्रयोग, भण्डारण वा प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) जीवनाशक विषादीको प्रतिबन्ध सम्बन्धी अन्य व्यवस्था केन्द्रबाट तोकिए बमोजिम हुनेछ ।

२०. **म्याद समाप्त जीवनाशक विषादीको व्यवस्थापन** : (१) जीवनाशक विषादी आयातकर्ताले आयात गरेका कुनै जीवनाशक विषादीको अवधि समाप्त भएमा त्यस्तो आयातकर्ताले नै सोको उचित व्यवस्थापन गर्नु पर्नेछ । तर उत्पादन, संश्लेषण, प्याकिङ, पुनः प्याकिङ गरेको विषादीको हकमा उक्त विषादीमा उल्लिखित म्याद भुक्तान हुने अवधि भन्दा एक महिना अगावै सम्वन्धित कम्पनी वा उद्योगले सोको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) जीवनाशक विषादी सम्वन्धमा सम्वन्धित व्यक्ति, संस्था वा निकाय, व्यवसायी वा उद्यमीले काम कारोबार गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही म्याद समाप्त भएमा विषादीको ब्यवस्थापन आफैले गर्नु पर्नेछ ।

२१.**जीवनाशक विषादी निरीक्षक** :(१) नगरपालिकाको बाली संरक्षण अधिकृत वा कृषि अधिकृत वा नगरपालिकाले

नियुक्तिगरेको कृषि बिशेषज्ञलाई जीवनाशक विषादी निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ।

(२) कुनै स्थानको जीवनाशक विषादी निरीक्षक अनुपस्थित रहेको अवस्थामा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२. **जीवनाशक विषादी निरीक्षकको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र तोकिएका काम, कर्तव्य तथा अधिकारका अतिरिक्त जीवनाशक विषादी निरीक्षकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

**(क)** यो ऐन र यस अन्तर्गत बनेको नियमावलीमा भएको व्यबस्था पालना भए नभएको विषयमा जीवनाशक विषादीको आयात, निर्यात, उत्पादन, प्याकिङ्ग, पुनः प्याकिङ्ग, सूचकपत्र बनाउने, भण्डारण, विक्री वितरण, ओसार पसार, प्रयोग वा जीवनाशक विषादीको विज्ञापनको काम गरिने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गर्ने,

**(ख)** कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन विश्लेषण गर्ने,

**(ग)** तोकिए बमोजिमको प्रकृया अपनाई जीवनाशक विषादी एवं बालीको नमूना संकलन गर्ने र विश्लेषण गर्ने गराउने,

**(घ)** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको उल्लङ्घन भएको आशंका लागेमा सोको अनुसन्धान गर्ने,

**(ङ)** खण्ड (घ) बमोजिम अनुसन्धान गर्दा ऐन तथा नियमावलीको उल्लंघन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, जीवनाशक विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामाग्री जफत गरी पसल सिलबन्दी समेत गरेर सम्बन्धित व्यक्तिलाई सोको भर्पाइ गरि दिने,

**(च)** यस ऐन बमोजिमको कसूरको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने,

**(छ)** तोकिए बमोजिमका अन्य काम गर्ने।

१३. **नमूना संकलन** : (१) जीवनाशक विषादीको गुणस्तर परीक्षण गर्ने प्रयोजनको लागि नमूना संकलन गर्न सकिने छ।

(२) जीवनाशक विषादीको नमूना संकलन र विश्लेषण सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ।

४.**प्रयोगशाला पठाउने** : (१) यस ऐन बमोजिम जीवनाशक विषादीको गुणस्तर एवं अनुसन्धानात्मक परीक्षण लगायतका कार्य गर्नको लागि नेपाल सरकारले स्थापना गरेका प्रयोगशालामा पठाउन सक्नेछ।

(२) नेपाल सरकारले हाल स्थापना गरेका कुनै राष्ट्रिय वा अन्तराष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशालालाई उपदाफा (१) बमोजिम प्रयोगशालालाई परिक्षणकेन्द्र तोक्न सक्नेछ।

५. **पञ्जिकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गर्न नहुने** : कुनै व्यक्ति, संस्था वा निकायले पञ्जिकरण नगरिएको तथा प्रतिबन्धित जीवनाशक विषादीका बारेमा झूट्टा विवरण उल्लेख गर्न तथा कुनै अर्को जीवनाशक विषादीसंग भ्रम पर्ने तथा झुक्याउने नियतले प्रचार प्रसार गर्न हुँदैन।

**जीवनाशक विषादी विसर्जन गर्ने** : (१) जीवनाशक विषादी विसर्जन गर्दा मानव, पशुपंक्षी, जलचर, बोटबिरुवाको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पर्ने गरी विसर्जन गर्न हुँदैन।

(२) जीवनाशक विषादी, विषादीजन्य फोहोर तथा सोको कन्टेनर नष्ट गर्नु पर्दा सो बस्तुको प्रकृतिका आधारमा छुट्टा छुट्टै गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जीवनाशक विषादी नष्ट गर्ने तरिका र मापदण्ड केन्द्रले तोके बमोजिम हुनेछ ।

७. **अभिलेख राख्नु पर्ने :** (१) जीवनाशक विषादी ल्याउने र बाहिर लैजाने, उत्पादन, संश्लेषण, प्याकिङ्ग, पुनःप्याकिङ्ग, भण्डारण, विसर्जन, थोक तथा खुद्रा विक्रेता, विषादी छर्कने व्यवसायी तथा प्रयोगकर्ताले वा सूचकपत्र राख्ने कुनै व्यक्ति, संस्था वा निकायले आफूले कारोवार गरेको विषादीको परिमाण, मूल्य तथा तोकिएको अन्य विवरण सहितको अभिलेख अद्यावधिक गरि दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारोवार गर्दा राखिएको अभिलेख निरीक्षक, रजिष्ट्रार वा केन्द्रले माग गरेमा त्यस्तो कारोवार गर्नेले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(३) अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **आचार संहिता बनाउन सक्ने :** (१) शाखाले जीवनाशक विषादीको उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न व्यक्ति, संस्था वा निकायले पालना गर्नु पर्ने आचारसंहिता बनाई समितिबाट स्विकृत गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिता पालना गर्नु जीवनाशक विषादी आयात, निर्यात, उत्पादन, संश्लेषण, प्याकिङ्ग, पुनःप्याकिङ्ग, भण्डारण,ओसार पोसार गर्ने कुनै व्यक्ति, संस्था वा निकाय वा थोक तथा खुद्रा बिक्रेता, व्यवसायी तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ ।

**परिच्छेद - ७**

**कसूर, सजाय तथा क्षतिपूर्ति**

२९. **कसूर गरेको मानिने :** कसैले देहाय बमोजिमका कुनै कार्य गरे गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(क) प्रतिबन्धित जीवनाशक विषादीको उत्पादन, भण्डारण, आयात, विक्री वितरण,प्रयोग र मापदण्ड विपरित विर्सजन गरे गराएमा,

(ख) पञ्जिकरण नगरिएका जीवनाशक बिषादी आयात, उत्पादन, संश्लेषण, भण्डारण, बेचबिखन तथा प्रयोग गरेको पाइएमा,

(ग) इजाजतपत्र नलिइ जीवनाशक बिषादी सम्बन्धी कारोवार गरेको पाइएमा,

(घ) जीवनाशक विषादीको दुरुपयोग गरेको पाइएमा,

(ङ) म्याद नाघेका जीवनाशक बिषादी बेचबिखन गरेको पाइएमा,

(च) जीवनाशक विषादीको बिक्री बितरण गर्ने निकायले जीवनाशक विषादीको प्रयोग गर्दा लगाउनु पर्ने सुरक्षात्मक पहिरनको बिक्री बितरण नगरेको पाइएमा,

(छ) मापदण्ड पूरा नभएको वा नक्कली जीवनाशक विषादीको प्रयोग वा कारोवार गरेमा,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली तथा मापदण्ड विपरित हुने गरी अन्य कुनै काम गरे गराएमा,

(झ) जीवनाशक विषादी व्यवस्थापनमा अवरोध पु-याएमा,

(ञ) जीवनाशक विषादीको प्रयोग वातावरणीय प्रदुषण हुने गरि गरेमा ।

राप्ती नगरपालिका

). **दण्ड जरिवाना** : (१) दफा २९ बमोजिमको कुनै कसूर गरेमा बिषादी निरीक्षकको अनुसन्धान प्रतिबेदन सहितको सिफारिसमा नगरपालिकाको न्यायिक समितिले देहाय बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ :-

(क) खण्ड (क) बमोजिमको कुनै कसूर गरेमा पच्चिस हजारदेखि एक लाख रुपैयासम्म जरिवाना हुनेछ ।

(ख) खण्ड (ख) बमोजिमको कुनै कसूर गरेमा बिस हजारदेखि असिहजार रुपैयासम्म जरिवाना, सजाय हुनेछ ।

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा दस हजारदेखि चालिस हजार रुपैँयासम्म जरिवाना हुनेछ ।

(घ) खण्ड (घ) बमोजिम कसूर गरेमा कसूर हेरी पाँच हजार देखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ङ) खण्ड (ङ) बमोजिम कसूर गरेमा कसुरको मात्रा हेरी पच्चिस हजारदेखि एक लाख रुपैयासम्म जरिवाना हुनेछ ।

(च) खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिम कसूर गरेमा पाँच हजारदेखि बीस हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(३) उपदफा (२) बमोजिम जफत गरिएको विषादी मुद्दाको अन्तिम किनारा नलागेसम्म जीवनाशक विषादीको सुरक्षित भण्डारण तथा बिसर्जन गर्दा लाग्ने खर्च सम्बन्धित जीवनाशक विषादी धनीले नै व्यहोर्नु पर्नेछ ।

३१. **सहयोग माग गर्न सक्ने** : (१)जीवनाशक विषादी निरिक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायतका कुनै सहयोग आवश्यक भएमा नगरपालिका, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग सहयोग माग गर्न सक्नेछ

३२. **सरकारवादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

३३. **पुनराबेदन गर्न सक्ने** : यस ऐन अर्न्तगतको दफा ३० को उपदफा १ बमोजिमको फैसला चित्त नबुझेमा ३५ दिन भित्रमा जिल्ला अदालतमा पुनराबेदन गर्न सक्ने छ ।

३४.**नियम, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनको प्रभावकारी कार्यन्वयनका लागी नगरपालिकाले यो ऐन वा यस ऐनको अधिनमा रही आबश्यक नियम, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

५. **खारेजी र बचाउः** यस ऐनमा उल्लेखित कुनै पनि बिषय नेपालको संबिधान, संघीय बिषादी ब्यबस्थापन ऐन र प्रदेश बिषादी ब्यबस्थापन ऐन सँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ साथै यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ ।

आज्ञाले,

मिठाराम हुमागाँई

प्रमुख प्रशासकीय अधिकृत

राप्तीनगरपालिका